# देशको वर्तमान आर्थिक स्थिति

## (आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनासम्मको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय ०.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १.६ प्रतिशतले बढेको थियो । सँकुचित मुद्राप्रदाय अघिल्लो वर्ष ५.१ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.२ प्रतिशतले घटेको छ । आवधिक निक्षेप अघिल्लो वर्ष ४.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.६ प्रतिशतले बढेको छ ।

समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मुल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. ३१ करोड २८ लाख (०.१ प्रतिशत) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. ८ अर्ब ४४ करोडले (३.८ प्रतिशत) घटेको थियो ।

### कुल आन्तरिक कर्जा

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा आन्तरिक कर्जा १.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा १.७ प्रतिशतले घटेको थियो । नेपाल सरकारमाथिको दावि ३.९ प्रतिशत, निजी क्षेत्रमाथिको दावी ०.४ प्रतिशत र वित्तीय क्षेत्रमाथिको दावी १५.१ प्रतिशतले घटेको हुँदा कुल आन्तरिक कर्जा घटेको हो । समीक्षा अवधिमा गैर वित्तीय सरकारी सँस्थाहरूमाथिको दावी भने १२.४ प्रतिशतले बढेको छ ।

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन रू. ३ अर्ब २७ करोडले घटी २०६७ साउन मसान्तमा रू. ६१५ अर्ब ५९ करोड कायम हुन आएको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप परिचालन रू. ५ अर्बले बढेको थियो । त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फको कर्जा ०.८ प्रतिशत (रू. ३ अर्ब ७६ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा ०.३ प्रतिशत (रू. १ अर्ब २१ करोड) ले बढेको थियो ।

### तरलता व्यवस्थापन

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा खुला बजार कारोवार अर्न्तगत रिभर्स रिपो बोलकबोलमार्फत् रू. १२ अर्ब खुद तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू. ७ अर्ब ४४ करोड खुद तरलता प्रशोचन भएको थियो ।

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १७ करोड २० लाख खुद खरिद गरी रू. १२ अर्ब ८२ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ७ करोड ४८ लाख खुद खरिद गरी रू. ५ अर्ब ७७ करोड खुद तरलता प्रवाह गरेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलर १६ करोड बिक्री गरी भा. रू. ७ अर्ब ४५ करोड खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३३ करोड बिक्री गरी भा.रू. १५ अर्ब ९३ करोड खरिद भएको थियो ।

### अन्तर बैंक कारोवार

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा वाणिज्य बैंकहरूले कुल रू. २६ अर्ब ३५ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रू. ९ अर्ब ५३ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रू. २ अर्ब ९५ करोडको स्थायी तरलता सुविधाको उपयोग भएको छ ।

### अल्पकालीन व्याजदर

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा ९१-दिने ट्रेजरी विल्सको भारित औसत मासिक व्याजदर ३.८१ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त व्याजदर १.७७ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष भारित औसत मासिक अन्तर-बैंक व्याजदर १.४१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा २.४६ प्रतिशत रहेको छ ।

## धितोपत्र बजार

वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्कमा ३७.२ प्रतिशतले कमी आई २०६७ साउन मसान्तमा ४५३.७० विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६६ साउन मसान्तमा ७२१.९५ रहेको थियो । २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६७ साउन मसान्तमा ११०.८२ रहेको छ । यो सूचकाङ्क २०६६ साउन मसान्तमा १९४.७० रहेको थियो । नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवार मूल्यलाई आधार वजार मूल्यको रुपमा लिई गणना गरेको NEPSE Float Index २०६७ साउन मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ४०.५ प्रतिशतले कमी आई ४१.६५ पुगेको छ । अघिल्लो बर्षको सोही अवधिमा यो सूचकाङ्क ७०.०१ रहेको थियो ।

२०६७ साउन मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा २७.४ प्रतिशतले घटी रु. ३ खर्ब ६० अर्ब कायम भएको छ । २०६७ साउन मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३०.५ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६६ साउन मसान्तमा ५०.० प्रतिशत रहेको थियो । कुल बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ७२.४ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.१ प्रतिशत, होटलहरुको १.५ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.४ प्रतिशत र अन्यको १९.२ प्रतिशत अँश रही विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुको नै सबैभन्दा ठूलो हिस्सा रहिरहेको छ ।

सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३२.४ प्रतिशत रही २०६७ साउन मसान्तमा रु. ८१ अर्ब ३२ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । आर्थिक वर्ष २०६७/६८ को साउन मसान्तमा रु. ३ अर्व २५ करोड ७५ लाख बरावरको साधारण शेयर, रु. ८ करोड ७० लाख बराबरको बोनस शेयर, रु. १ अर्व ६ करोड २२ लाख बराबरको हकप्रद शेयर र रु. ४ अर्ब ९९ करोड बराबरको सरकारी ऋणपत्र गरी कुल रु. ९ अर्ब ३९ करोड ७६ लाख रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

२०६७ साउन मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको सँख्या १७८ पुगेको छ । २०६६ साउन मसान्तमा यस्तो सँख्या १५९ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १४६ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक सँस्था, ४ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

नेपाल राष्ट्र बैंकले आ.व. २०६२/६३ मा सम्पन्न गरेको चौथो पारिवारिक बजेट सर्वेक्षणको आधारमा (आ.व. २०६२/६३ = १००) आ.व.२०६७/६८ को पहिलो महिनादेखि नयाँ श्रृंङ्खला (New Series) अनुसारको उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन गरेको छ । नयाँ मूल्य सूचकाङ्क अनुसार आ.व.२०६७/६८ को पहिलो महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ९.५ प्रतिशत रहेको छ । यसै आधारमा मापन गर्दा अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.१ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०५२/५३ को आधारमा तयार गरिएको मूल्य सूचकाङ्क अनुसार यस्तो वृद्धि १०.४ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०५२/५३ मा गरिएको पारिवारिक बजेट सर्वेक्षणबाट प्राप्त वस्तु वा सेवामा रहेको खर्च भाराङ्क खाद्य तथा पेय पदार्थमा ५३.२० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहमा ४६.८० प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०६२/६३ मा गरिएको पारिवारिक बजेट सर्वेक्षणबाट प्राप्त वस्तु वा सेवामा रहेको खर्च भाराङ्क खाद्य तथा पेय पदार्थमा ४६.८२ प्रतिशत र गैरखाद्य तथा सेवा समूहमा ५३.१८ प्रतिशत रहेकाले मुद्रास्फीतिमा उपरोक्त बमोजिम कमी आएको हो । साथै, पुरानो श्रृंङ्खला (Old Series) मा २१ वटा बजार केन्द्रहरु रहेको र यी वजार केन्द्रहरुवाट ३०१ वटा वस्तु र सेवाको मूल्य संकलन गर्ने गरिएकोमा नयाँमा थप १२ वटा बजार केन्द्र समेत जम्मा ३३ बजार केन्द्रबाट कुल ४१० वस्तु तथा सेवाको मूल्य सँकलन गर्ने गरिएको छ । नयाँ सूचकाङ्कमा रहेका वस्तु तथा सेवाहरुको डालोका उपसमूह निर्माण गर्दा COICOP (Classification of Individual Consumption According to Purpose) विधि अवलम्वन गरिएकोले वस्तु तथा सेवाको समूहमा केही फरक आएको छ ।

आ.व.२०६७/६८ को पहिलो महिनामा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १२.५ प्रतिशतले वृद्धि भएतापनि गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ७.० प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा कम रहेको हो । अघिल्लो वर्ष यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १९.२ प्रतिशत र २.९ प्रतिशत रहेको थियो ।

समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये मसलाको मूल्य वृद्धि सवैभन्दा वढी अर्थात ४२.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षमा यस्तो मूल्य वृद्धि ११.३ प्रतिशत रहेको थियो । यसैगरी, चिनी तथा मिठाइको वार्षिक विन्दुगत मूल्यवृद्धि २२.२ प्रतिशत रहेको छ । अघिल्लो वर्ष उक्त उप-समूहको मूल्यमा ४९.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा खाद्य तथा खाद्यजन्य पदार्थ, दुग्ध उत्पादन र फुलको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः १७.९ र १७.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि दर क्रमशः ५.५ प्रतिशत र १२.४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा रेष्टुरा तथा होटल एवं कडा पेय पदार्थ र हल्का पेय पदार्थको मूल्य सूचकाङ्कमा क्रमशः १८.९ प्रतिशत, १६.२ प्रतिशत र १३.१ प्रतिशतले बृद्धि भएको छ । अघिल्लो वर्ष सो सूचकाङ्कमा क्रमशः २१.९ प्रतिशत, १२.० प्रतिशत र २९.८ प्रतिशतले वृद्धि भएको थियो । सुर्ती तथा सुर्तीजन्य वस्तुको वार्षिक विन्दुगत मूल्यवृद्धि १०.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १७.४ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष ५४.३ प्रतिशतले वृद्धि भएको तरकारीको मूल्यमा भने २.२ प्रतिशतले मात्र वृद्धि भएको छ । तर, समीक्षा अवधिमा दलहन, घीउ तथा तेल र फलफूलको मूल्य सूचकाङ्कमा भने ह्रास आएको छ ।

समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये घरायसी उपभोग्य सामानहरुको मूल्य सूचकाङ्कमा १३.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस उप-समूहको मूल्य सूचकाङ्कमा ३.७ प्रतिशतले ह्रास आएको थियो । त्यस्तै, कपडा तथा जुत्ता चप्पलको सूचकाङ्क अघिल्लो बर्ष ८.४ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा १०.७ प्रतिशतले वृद्धि भएको छ । यसैगरी समीक्षा अवधिमा स्वास्थ्य र शिक्षाको सूचकाङ्कमा ९.४ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यी सूचकाङ्कमा ३.४ प्रतिशत र १०.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा

यातायातको सूचकाङ्कमा ८.० प्रतिशतले वृद्धि भएको छ भने सञ्चारको सूचकाङ्कमा ६.२ प्रतिशतले ह्रास आएको देखिन्छ ।

क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा १०.६ प्रतिशतले मूल्य वृद्धि भएको छ भने तराईमा ८.४ प्रतिशत तथा पहाडमा १०.१ प्रतिशतले मूल्य वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा काठमाडौं उपत्यका, तराई र पहाडमा यस्तो वृद्धिदर क्रमशः ११.४ प्रतिशत, ९.४ प्रतिशत र ९.६ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ८.४ प्रतिशत रहेको छ । यस्तो वृद्धिदर अघिल्लो बर्ष १३.२ प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु र स्वदेशी उत्पादित वस्तुहरुको मूल्य क्रमश. ९.१ प्रतिशत र ८.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः ३१.३ प्रतिशत र ४.२ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी अघिल्लो बर्षको सोही अवधिमा ७.८ प्रतिशतले ह्रास भएको आयातित वस्तुहरुको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ७.० प्रतिशतले वृद्धि आएको छ ।

समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये मसलाको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ५१.७ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा उक्त सूचकाङ्कमा १५.२ प्रतिशतले वृद्धि आएको थियो । यसैगरी, समीक्षा अवधिमा खाद्यान्न र पशुजन्य उत्पादन तथा फलफुल र तरकारीको वार्षिक विन्दुगत मूल्यवृद्धि क्रमशः २२.१ प्रतिशत र १४.३ प्रतिशत र १२.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक मूल्यवृद्धि क्रमशः ४.४ प्रतिशत, ४३.२ प्रतिशत र ३५.६ प्रतिशत रहेको थियो । अघिल्लो बर्ष ८७.२ प्रतिशतले वृद्धि भएको नगदेवालीको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा २७.३ प्रतिशतले ह्रास आएको छ ।

समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य पदार्थको थोक मूल्य सूचकाङ्कमा १३.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यस्तो सूचकाङ्कमा १.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । यसैगरी समीक्षा अवधिमा पेय पदार्थ तथा सुर्ति सम्बन्धी वस्तुहरुको मूल्य ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धि २०.९ प्रतिशत रहेको थियो ।

आयातित वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोइला र यातायात तथा मेशिनरी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १५.९ प्रतिशत र २.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यी दुवैको सूचकाङ्कमा क्रमशः २०.२ प्रतिशत र ६.४ प्रतिशतले ह्रास आएको थियो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा १४.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क २२.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा तलव उप-सूचकाङ्कमा कुनै वृद्धि नभएतापनि ज्यालादरमा भएको वृद्धिको कारण समग्र सूचकाङ्कमा वृद्धि देखिएको हो । समीक्षा अवधिमा ज्यालादर उप-सूचकाङ्कमा १९.२ प्रतिशतले वृद्धि भएको छ । यस्तो उप-सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा १८.९ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २८.६ प्रतिशत, ३.९ प्रतिशत र १५.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सूचकाङ्क क्रमशः २०.५ प्रतिशत, १५.८ प्रतिशत र २०.१ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा सरकारी बजेट रु. ४ अर्व ९७ करोडले बचतमा रहेको छ । समीक्षा अवधिमा सरकारी खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले सरकारी बजेट बचतमा रहेको हो । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ३ अर्व १८ करोडले बचतमा रहेको थियो।

### सरकारी खर्च

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ८.१ प्रतिशतले कमी आई रु. ९ अर्व ९७ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा सरकारी खर्च ४४.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा चालू खर्चमा उल्लेख्य वृद्धि भएता पनि पूँजीगत खर्च, साँवा भुक्तानी र फ्रीज खर्चमा कमी आएको कारण कुल सरकारी खर्चको वृद्धिदर घटेको हो ।

### सरकारी राजस्व

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा नेपाल सरकारको राजस्व परिचालन १२.१ प्रतिशतले वृद्धि भई रु. १३ अर्व १६ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा राजस्व ५२.२ प्रतिशतले वृद्धि भई रु. ११ अर्व ७४ करोड पुगेको थियो ।

समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदरमा विस्तार आएतापनि भन्सार, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, रजिष्ट्रेशन शुल्क र सवारी कर राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा घटेको र गैर-कर राजस्व परिचालनमा भने कमी आएको छ ।

### वैदेशिक नगद ऋण र अनुदान

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. १८ करोड ३५ लाख र वैदेशिक नगद अनुदानवापत् रु.१ अर्व २८ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु.२० करोड ८७ लाख र रु.१ अर्व ५० करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा कुल वस्तु निर्यात १७.२ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात १५.६ प्रतिशतले बढेको थियो । कुल निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा ६.८ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा १२.१ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा २५.४ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ४४.८ प्रतिशतले ह्रास आएको छ ।

भारततर्फ मुख्यतया जुटका सामान, एम एस पाईप, आयुर्वेदिक औषधि, पिना र प्लाष्टिकका घरायसी सामानको निर्यात बढेको कारण त्यसतर्फको निर्यात बढेको हो । अन्य मुलुकतर्फ विशेषगरी दाल, नेपाली कागज तथा कागजका सामान, पस्मिना, सुन तथा चाँदीका गरगहना र जडीबुटीको निर्यातमा ह्रास आएका कारण त्यसतर्फको निर्यात घटेको हो ।

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ६३ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका सरकारी कारोवार गर्ने ४२ शाखा मध्ये ३६ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु र नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

अघिल्लो वर्षको पहिलो महिनामा १९.० प्रतिशतले बढेको कुल आयात समीक्षा अवधिमा १९.४ प्रतिशतले वृद्धि भएको छ । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिमा १६.६ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३४.३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको पहिलो महिनामा २२.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.१ प्रतिशतले घटेको छ ।

भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, एम.एस. बिलेट, रासायनिक मल, अन्य मेसिनरी तथा पार्टस, कोल्डरोल्ड सिट इन क्वाइल एवं अन्य मुलुकबाट विशेष कच्चा पाम तेल, सञ्चार उपकरण तथा पार्टस, अन्य मेसिनरी तथा पार्टस, एम. एस. बिलेट, टेलिभिजन तथा पार्टपुर्जाको आयातमा वृद्धि आएकोले आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा कुल आयात बढेको हो ।

## शोधनान्तर

आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा समग्र शोधनान्तर स्थिति रु. ३१ करोड २८ लाखले घाटामा रहेको छ । अघिल्लो वर्षको पहिलो महिनामा शोधानान्तर घाटा रु. ८ अर्ब ४४ करोड रहेको थियो । त्यसैगरी, आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा चालु खाता रु. २ अर्ब ४२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु. २० करोड ५४ लाखले बचतमा रहेको थियो । समीक्षा अवधिमा वस्तु तथा सेवा व्यापार घाटामा भएको उल्लेख्य वृद्धिका कारण चालु खाता घाटा उच्च रहन गएको हो । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनामा ७.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३५.३ प्रतिशतले बढेको थियो ।

## विदेशी विनिमय सञ्चिति

२०६७ साउन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६७ असार मसान्तको तुलनामा ०.५ प्रतिशतले बढी रु. २६७ अर्ब ८५ करोड पुगेको छ । २०६६ साउन मसान्तमा यस्तो सञ्चिति ५.७ प्रतिशतले घटेको थियो । अमेरिकी डलरमा भने २०६७ असारदेखि साउन मसान्तसम्ममा कुल सञ्चिति ०.४ प्रतिशतले बढी अमेरिकी डलर ३ अर्ब ५९ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा ४.४ प्रतिशतले घटेको थियो । आर्थिक वर्ष २०६७/६८ को पहिलो महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.८ महिनाको वस्तु आयात र ७.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ साउन मसान्तमा प्रति व्यारल अमेरिकी डलर ७१.१९ रहेकोमा २०६७ साउन मसान्तमा ६.७ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ७५.९३ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६६ साउन मसान्तको तुलनामा २०६७ साउन मसान्तमा २८.३ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ९५३.६० बाट अमेरिकी डलर १२२३.५० पुगेको छ ।

२०६७ असार मसान्तको तुलनामा २०६७ साउन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.०८ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १.३६ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६७ साउन मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७४.५० पुगेको छ । २०६७ असार मसान्तमा उक्त विनिमय दर रु. ७४.४४ रहेको थियो ।